म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१४ अङ्क:- ३०३ २०८० असोज १२ गते शुक्रबार 29 September 2023, Friday - पृष्ठ ४ मूल्य रू. ५/-

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



**सम्पर्क** ०५७-५९०९७७

QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

### उपभोक्ता समिति बोर्डमा हस्तान्तरण

# बड्कुलेबासीलाई निःशुल्क खानेपानी




*खानेपानी योजना हस्तान्तरणसम्बन्धी सम्झौतापत्र आदानप्रदान गरिँदै ।*

समाज संवाददाता

हेटौंडाः स्थानीयस्तरमा सञ्चालनमा रहेको खानेपानी आयोजनाबाट दैनिक जीवनयापनका लागि महँगो शुल्कमा पानीको प्रयोग गर्दै आएका हेटौंडा-१८, बड्कुलेका बासिन्दाले निःशुल्क खानेपानी पाउने भएका छन् ।

२०५८ सालबाट सञ्चालन भएको मौडीखोला खानेपानी तथा सरसफाई उपभोक्ता समितिमार्फत् खानेपानीको प्रयोग गर्दै आएका बड्कुलेका १०४ घरधुरीले १० हजार लिटर पानीको प्रयोगबापत् ६ सय ५० रुपैयाँ तिर्दै आएका थिए । 'कर्मचारी, विद्युत् र मर्मत शुल्क गरेर खानेपानीको लागत महँगो पर्दै आएको थियो', समितिका अध्यक्ष राजेन्द्र घलानले भन्नुभयो, "समितिले ४ हजार लिटर पानी उपभोग गरेवापत् २ सय ५० रुपैयाँ न्यूनतम शुल्क लिँदै आएका थियो ।"

महँगो शुल्कमा पानीको उपभोग गर्दै आएका स्थानीयलाई नियमित पानी दिन समितिलाई आर्थिक भार परेका कारण १८ नम्बर वडा कार्यालयमार्फत् खानेपानीको महशुल भुक्तान गर्ने गरिएको थियो । बिहीबार उक्त खानेपानी योजना हेटौंडा खानेपानी व्यवस्थापन बोर्डलाई हस्तान्तरण गरिएको छ । बोर्डलाई हस्तान्तरण गरेसँगै बड्कुलेबासीले १० हजार लिटरसम्म पानी निःशुल्क पाउने भएका छन् । हेटौंडा उपमहानगरपालिकाले नगर क्षेत्रमा खानेपानी बोर्डमार्फत् जडित धाराबाट पानीको उपभोग गर्नेलाई १० हजार लिटरसम्म पानी निःशुल्क उपलब्ध गराएसँगै उनीहरुले पानी निःशुल्क पाउने भएका हुन् । तोकिएभन्दा बढि पानी उपभोग गरेमात्र महशुल लाग्ने छ ।

बोर्डमा हस्तान्तरण कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाले नगरबासीलाई पानीको सुविधा सहज तुल्याउने उद्देश्यअनुरुप काम भइरहेको बताउनुभयो । सरकार भएको अनुभूति दिलाउँदै नागरिकलाई दायित्वबोध गराउँदै जिम्मेवारी दिने तयारी अनुसार अघि बढिरहेको उहाँको भनाइ थियो । नगरबासीले धारामा आएको पानी सोझै प्रयोग गर्ने वातावरण बनाउने तयारीमा रहेको भन्दै उहाँले खानेपानीको उचित व्यवस्थापनसँगै आर्थिकरुपमा कमजोर भए पनि विकासको काममा जोड दिँदै अघि बढेको बताउनुभयो ।

हर्नामाडी क्षेत्रमा उपभोक्ता समितिले सञ्चालन गरेको ३ वटा योजना बोर्डमा हस्तान्तरण भइसकेको छ भने अहिले २५ हजार घरधुरीले बोर्डमार्फत् खानेपानीको प्रयोग गर्दै आएको छ । मौडीखोला खानेपानी तथा सरसफाई उपभोक्ता समितिका अध्यक्ष राजेन्द्र घलानको अध्यक्षतामा भएको सो कार्यक्रममा हेटौंडा १८ का वडा अध्यक्ष अनिल बानियाँ, हेटौंडा खानेपानी व्यवस्थापन बोर्डका अध्यक्ष प्रताप बिष्ट, हेटौंडा उपमहानगरपालिकाका विज्ञ सल्लाहकार डा. कृष्ण धिताल र बोर्डका कार्यकारी निर्देशक बिष्णुप्रसाद सापकोटालगायतको आतिथ्य रहेको थियो ।

# भदौमा २५ जना किशोरीहरु आमा बने

समाज संवाददाता

हेटौंडाः हेटौंडामा भदौ महिनामा २५ जना किशोरी आमा बनेका छन् । हेटौंडा अस्पतालमा पछिल्लो महिनामा २० वर्षभन्दा कम उमेरका २५ जना किशोरीहरु आमा बनेका अस्पतालका मेडिकल रेकर्डर राजीव झाले जानकारी दिनुभयो ।

हेटौंडा अस्पतालमा भदौ महिनामा ३ सय ३६ गर्भवती सुत्केरी भएका छन् । २ सय २९ जना सामान्य अवस्थामा सुत्केरी हुँदा ९७ जनाको शल्यक्रिया गरेर बच्चा निकाल्नु परेको थियो । १० गर्भवतीको जटिल अवस्थामा सुत्केरी गराइएको झाले बताउनुभयो । उहाँका अनुसार सानो उमेरमा आमा बन्दा शारीरिक विकास राम्रोसँग नहुने भएकाले महिलालाई विभिन्न रोग लाग्न सक्छ ।

पछिल्लो समयमा सानो उमेरमा आमा भएका अधिकांश महिलाहरुमा पाठेघर खस्ने समस्या हुने गरेको हेटौंडा अस्पतालले जनाएको छ । महिलामा रोगहरु देखिनुको मुख्य कारण भनेको सानो उमेरमा विवाह गरी बच्चा जन्माउनु रहेको महिला रोग विशेषज्ञहरुको भनाइ छ ।

# नाईट्रोभेटसहित एकजना पक्राउ

समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले हेटौंडा-३, तीनताप्केबाट लागुऔषध नाईट्रोभेटसहित एकजनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा चितवन जिल्लाको राप्ती नगरपालिका-१५, कोराकका २३ वर्षीय विकास मोक्तान रहेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

बुधबार गस्ती टोलीले राप्ती पुल माथि बसिरहेका २ जना मानिस मध्ये १ जना प्रहरीलाई देख्नासाथ भागेको थियो । प्रहरीले सुरक्षाजाँच गर्दा मोक्तानले बोकेको झोला भित्र लुकाई छिपाई राखेको लागुऔषध नाईट्रोभेट १ हजार ५० पिस फेला पारेको थियो । भागेका पुरुषको खोजीकार्य भइरहेको र लागुऔषधसहित मोक्तानलाई नियन्त्रणमा लिई अनुसन्धानका लागि प्रहरी हिरासतमा राखिएको छ ।

## बागमती प्रदेश सभा सचिवालय

हेटौँडा, नेपाल

### घरभाडामा लिने सम्बन्धी सूचना

यस बागमती प्रदेश सभा सचिवालयको कार्यालय तथा भण्डारण प्रयोजनका लागि घरभाडामा लिनुपर्ने भएकोले तपसिलको मापदण्ड पुगेका घरभाडामा दिन इच्छुक घरधनीहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा घरको नक्सा पास, जग्गाधनी प्रमाणपत्र, नागरिकता र गत आ.व.सम्मको घरजग्गा कर तिरेको रसिदहरूको फोटोकपीसहित तपसिलमा उल्लेखित शर्तहरू भएको घरभाडामा दिन चाहनु हुने घरधनीले घरभाडाको रकम खुलाई यस सचिवालयमा निवेदन दिनहुन अनुरोध छ ।

**तपसिल**

१. भूकम्प प्रतिरोधात्मक फ्रेम-स्ट्रक्चरमा बनेको ।
२. कम्तिमा ८-९ वटा कोठाहरू र प्रत्येक कोठामा १३२ वर्ग फिट भन्दा ठूलो भएको ।
३. प्रत्येक तल्लामा वाथरुम ट्वाइलेट भएको ।
४. कम्तिमा ३ (तीन) वटा चारपाङ्गे गाडी तथा १० (दश) वटा मोटरसाईकल पार्किङ्गको ठाउँ भएको ।
५. सचिवालयबाट बढीमा २.५ किमि दूरीको परिधि भित्र रहेको ।
६. रिजर्भ-ट्याङ्की एवम् छतमा कम्तिमा २००० लिटरको पानीट्याङ्की भएको र कम्तिमा १ हर्षपावरको पानी तान्ने पम्प समेत जडान गरिएको ।
७. हरेक तल्लामा छुट्टै भऱ्याङ्गको व्यवस्था भएको ।
८. झ्यालढोका एवम् वायरिङ्ग सिस्टमहरु बलियो भएको ।

**नोट**: घरभाडमा लिने-नलिने सम्पूर्ण अधिकार यस सचिवालयमा निहित रहने छ । साथै अन्य कुरा सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

Hetauda School of Management and Social Sciences
"कडा अनुशासन, स्तरीय शिक्षा"

100% SCHOLARSHIP (on tuition fee) For A Achiever

25% SCHOLARSHIP (on tuition fee) For 'A' Achiever

BBS Bachelor of Business Studies

ADMISSION ONGOING

Class starts from ASOJ 15

01 17 extra curricular modules to enhance learning experiences
02 On-campus job placement fair and dedicated placement cell
03 Student-led clubs for leadership development
04 HSMSS feast and Annual Athletic Meet
05 Academic business incubation center supporting student entrepreneurs
06 Experiential learning platform

Reminder: Submit the application form for CMAT and BCA Entrance Exam by Bhadra 31, 2080

Hetauda-4 057524701, 9855074222 www.hsm.edu.np

ACCREDITED BY UNIVERSITY GRANTS COMMISSION (UGC), NEPAL (2023)

YAMAHA RACING

The call of the BLUE

YAMAHA RayZR 125Fi HYBRID

MILEAGE CHALLENGE AND RALLY

EVENT: ASHOJ 13, 2080
YAMAHA SHOWROOM, HETAUDA

RIDE TO SUCCEED
PARTICIPATE & WIN EXCITING GIFT HAMPERS

REGISTRATION OPEN




MAW
RAJ MOTORS, HETAUDA
057-526460, 9855068060, 9845783098

## सम्पादकीय

# अनुगमनलाई तिब्रता देउ

बजारमा दैनिक आवश्यकताका सामग्रीको मूल्य ह्वात्तै बढेको छ । हरेक वर्ष नेपालीहरुको मुख्य चाडपर्व आउनुअघि बजारभाउ अस्वभाविक बढ्ने गर्दछ । सरकारले मूल्यवृद्धि नियन्त्रणको कुरा गरेपनि खाद्यवस्तुको मूल्यवृद्धिले निम्न आय भएका सर्वसाधारणलाई दैनिक हातमुख जोर्नसमेत समस्या उत्पन्न भएको छ । बजारमा चिनी, चामल, दाल, आलु, प्याज, लसुन, अदुवा, गेडागुडी र तरकारीको मूल्य आकाशिएको छ । जनताको आम्दानीमा खासै सुधार हुन नसकेको बेला भइरहेको मूल्यवृद्धिले धेरैको चाडपर्व खल्लो बनाउने निश्चित छ । बजारभाउ नियन्त्रण गर्नु र खाद्यवस्तुको सहज आपूर्ति कायम राख्नु सरकारको कर्तव्य भए पनि राज्य संयन्त्रले प्रभावकारी काम गर्न सकिरहेको छैन । करिब एक महिनाअघि एक सय रुपैयाँ हाराहारीमा बिक्री भइरहको चिनीको मूल्य अहिले एक सय ३० रुपैयाँ पुगेको छ । करिब एक महिनाको अवधिमै चिनीमा ३० प्रतिशतको हाराहारीमा मूल्यवृद्धि भएको हो ।

बजारमा मूल्यवृद्धिमात्र नभई अन्य प्रकारका बेथिति र विसंगति पनि बढ्दो छ । चाडपर्वको समयमा बजारमा उपभोक्ताको चहलपहल बढी हुने भएकाले व्यवसायीहरुले अनियमितता गर्ने सम्भावना बढी रहने गर्दछ । यसकारण पनि यस समयमा चाडपर्वलक्षित बजार अनुगमन हुने गरेको छ । खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय हेटौंडाले मंगलबार हेटौंडा बजार क्षेत्रका किराना पसल र होटल, रेष्टुरेन्ट र मिठाई पसलको अनुगमन गरेको थियो । अनुगमनको क्रममा उपभोग गर्ने म्याद गुज्रिएका पेय पदार्थ, चियापत्ती, मसलाजन्य पदार्थ र सुजी जफत गरी नष्ट गरिएको कार्यालयले जनाएको छ । अनुगमनपछि मंगलबार साँझ प्रेस विज्ञप्ति जारी गर्दै कार्यालयले जिल्ला प्रशासन कार्यालय, हेटौंडा उपमहानगरपालिका, घरेलु तथा साना उद्योग कार्यालय, जिल्ला प्रहरी कार्यालय, मकवानपुर उद्योग वाणिज्य संघ, उपभोक्तावादी संस्थाका प्रतिनिधिको सहभागितामा अनुगमन भएको जनाएको छ । अनुगमन टोलीले साढे २ केजी चियापत्ती, १५ बोतल पेय पदार्थ, ३ केजी मसलाजन्य पदार्थ र ४ केजी सुजी जफत गरी नष्ट गरेको जनाएको छ ।

नियमित बजार अनुगमनको आवश्यकता रहेको भए पनि नियमनकारी निकाय भने चाडपर्व सुरु भएपछि केही दिन मौसमी अनुगमनमै सिमित बन्ने गरेको छ । चाडपर्व नजिकिएसँगै बजारमा विभिन्न प्रकारका वस्तुहरुको मूल्यवृद्धि, मिसावट, कृत्रिम अभाव हुनुका साथै गुणस्तरहीन वस्तुहरु महंगो मूल्यमा बिक्री गर्ने क्रम बढ्ने गरेको छ । दशैं, तिहारजस्ता मुख्य चाडपर्वको समयमा सरकारी नियमनकारी निकायले गर्ने अनुगमनले निरन्तरता नपाउँदा बजारमा हुने अनियमितता अन्त्य हुन सकेको छैन । नियमनकारी निकायको कमजोर उपस्थिति र प्रभावकारी अनुगमन तथा दोषीलाई कडा कारबाही नहुँदा बजारमा कालोबजारी बढ्नु स्वभाविक हुन्छ । बजारको जुन-जुन ठाउँ, क्षेत्र र पसलमा अनुगमन गरिएको छ, प्राय: सबैमा समस्या देखिनुले पनि यसलाई पुष्टि गर्दछ । बजारमा एउटै वस्तुको मूल्य पसलैपिच्छे फरक हुन्छन्, म्याद गुज्रिएका, उपभोग गर्न अयोग्य वस्तु खुलमखुला पसलमा भेटिन्छन्, अखाद्य वस्तुको बिगबिगी पनि उस्तै हुने गरेका छन् ।

बजारको उचित नियमनको सबैभन्दा प्रभावकारी उपाय भनेकै अनुगमन र कारबाही हो । सरकारी नियमनकारी निकाय, स्थानीय सरकार, उपभोक्ता अधिकारवादी संस्था, नागरिक समाज र अन्य सरोकारवाला निकायले बजार अनुगमन गर्ने र दोषी देखिएकाहरुलाई कारवाही गर्ने कार्यलाई निरन्तरता दिएरै बजारको बेथिति रोक्न सकिन्छ । चाडपर्वको समयमा बजार अनुगमनलाई अझ बढी तिब्रता दिएर वर्षैभरि नियमित अनुगमन हुनुपर्छ । नियमित बजारको अनुगमन गरेर कालाबजारी र अनुचित नाफाखोरहरुलाई कारवाही गर्ने हो भने मूल्यवृद्धिसमेत केहि हदसम्म नियन्त्रण गर्न सकिन्छ । तुलनात्मकरुपमा शिक्षित र सचेत उपभोक्ता रहने शहरी क्षेत्रका बजारमा त अनियमितता छ भने दूरदराजका ग्रामीण बजारको अवस्था कस्तो होला ? ग्रामीण क्षेत्रका बजारमा नियमनकारी सरकारी निकायको सघन उपस्थिति नहुने भएकाले स्थानीय सरकारले नै बजार अनुगमनलाई प्रभावकारी बनाउनु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार १११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : धार्मिक र पुण्य काममा सरिक भइने समय छ । |
| वृष | : पढाई – लेखाई अलपत्र बन्ने समय योग छ । |
| मिथुन | : हठ र जिद्धी गर्ने बानी त्याग गर्दा राम्रो हुन्छ । |
| कर्कट | : व्यापार–व्यवसायका कामहरु मध्यमकारक । |
| सिंह | : महत्वकांक्षामा समय व्यतित हुने समय छ । |
| कन्या | : आफन्तले विश्वासघात गर्ने समयको योग छ । |
| तुला | : पढाई– लेखाईका काममा मन जाने समय छ । |
| वृश्चिक | : सामाजिक र राजनैतिक तनाव बढ्ने समय छ । |
| धनु | : पढाई– लेखाईका कामहरुमा असर पर्न सक्छ । |
| मकर | : सामाजिक र परोपकारजन्य काममा विजय प्राप्त होला । |
| कुम्भ | : मुद्धा– मामिलाका कामहरुबाट विजय प्राप्त होला । |
| मीन | : अध्ययन–अध्यापनका कामहरुबाट लाभ प्राप्त होला |

# हामी किन यति धेरै दु:खी र असन्तुष्ट भयौं ?



✍ शिव मुखिया

'तपाईं भन्नुहोस्, जीवनमा सबैभन्दा ठूलो कुरा के छ ?'

बसुन्धरास्थित नेशनल कार्डियक सेन्टरको माथिल्लो तलामा डा. ओममूर्ति अनिलको कार्यकक्ष छ । त्यहाँ पुग्नसाथ उनले हामीलाई अनपेक्षित प्रश्न सोधे ।

'धन-दौलत, घर-गाडी, ऐश-आरम, मोज-मस्ती' हामीले आज्ञाकारी बालकले झैं जवाफ फर्कायौं ।

उनले 'होइन'को भावमा टाउको हल्लाए ।

त्यसपछि प्रतिप्रश्न गर्‍यौं, 'स्वास्थ्य ?'

'विल्कुल' उनी मुसुक्क हाँसे र सहर्ष भने, 'जीवनमा सबैभन्दा ठूलो कुरा स्वास्थ्य हो । किनभने स्वास्थ्य सही छैन भने तपाईंले जतिसुकै मीठो खानुहोस्, जतिसुकै राम्रो लगाउनुहोस्, जतिसुकै महँगो गाडी चढ्नुहोस्, जतिसुकै भव्य महलमा बस्नुहोस् कुनै अर्थ हुनेछैन ।'

उनको प्रवचन सुन्न हामी राजी थियौं । तर, अचानक उनले हाजिरीजवाफ शैलीमा अर्को प्रश्न गरे, ' जीवनमा स्वास्थ्य भन्दा पनि ठूलो कुरा अर्कै छ । त्यो के हो ?'

उनी केही क्षण रोकिए र आफैंले प्रश्नको गाँठो फुस्काए, 'खुसी अझ भनौं आनन्द ।'

डा. ओममूर्तिसँग हामी खासमा मुटुको कुरा गर्न चाहन्थ्यौं । तर, उनले मनको कुरा गर्न थाले । मनप्रिय कुराको हामी इमानदार श्रोता भइदियौं ।

### जीवनको अंकगणित : के पाउन के गुमायौं ?

म पहिले धेरै महत्वकांक्षी थिएँ । आफ्नै अस्पताल खोल्नुपर्छ, सबै बिरामीको पहिलो रोजाई हुनुपर्छ, यतिसम्म कि मिडियामा मेरो नाम आउनुपर्छ भन्ने ठान्थें । तर, एउटा समय गुज्रिएपछि मेरो मनमा अनौठों प्रश्न उठ्यो, आखिर यी सबै केका लागि ?'

मलाई यस्तो तत्वज्ञान प्राप्त भयो कि यावत् प्राप्तिका लागि मैले धेरै कुरा गुमाउनुपर्ने रहेछ ।

आज हामी वेपत्तासँग दौडिरहेका छौं । पढाइका लागि, करियरका लागि, सफलताका लागि, सम्पन्नताका लागि । एउटा विन्दुमा पुगेपछि हामीलाई ती सबै कुरा प्राप्त हुँदो हो । हामीसँग जागिर हुन्छ, आम्दानीको स्रोत हुन्छ, घर हुन्छ, गाडी हुन्छ । तर, यहाँसम्म आइपुग्दा हामीले आफुसँग भएका धेरै कुरा गुमाइसकेका हुन्छौं ।

आफ्नो समय, आफ्नो स्वास्थ्य, आफ्नो सम्बन्ध, आफ्नो सुख ।

अब हिसाब-किताब गरौं, हामीले पाएको कुरा ठूलो थियो कि गुमाएको ? यहाँ त आर्जन गरेको कुरा भन्दा गुमाएको कुराको मोल र हिस्सा ठूलो छ। वास्तवमा हामीले यसको कुनै लेखाजोखा नै गरेका हुँदैनौं ।


### अतृप्त र अल्प सुख

हामी किन यसरी दौडधूपमा लाग्यौं ?

किनभने हामीलाई सफलता चाहिएको थियो । सम्पन्नता चाहिएको थियो । सुविधा चाहिएको थियो । सम्मान चाहिएको थियो ।

यी कुराहरु हामीलाई किन चाहिएको थियो ?

किनभने यसबाट हामी सुखभोग गर्न आतुर थियौं ।




के त्यसबाट हामीले सुखानुभूति गर्‍यौं त ?

कुनैपनि भौतिक उपलब्धिले मान्छेलाई सुख अनुभूत पक्कैपनि गराउँछ । जस्तो पैदल हिँडिरहेको मान्छेले मोटरसाइकल चढ्न पाउँदा सुख अनुभव गर्छ । मोटरसाइकल चढ्नेले कार चढ्न पाएमा सुखबोध गर्छ । घर नहुनेले सानो ओंत पाउँदा सुखी हुन्छ, डेरामा बस्नेले आफ्नै घर जोड्दा सुखी हुन्छ । तर, यो सुखको आयु लामो हुँदैन ।

यसो भन्दैमा पैसा, करियर चाहिँदैन भन्ने होइन । जीविकापार्जनका लागि चाहिन्छ । तर, धनसम्पति जोड्ने जुन म्यारथन दौडमा हामी सामेल हुन्छौं, त्यसको कुनै पूर्णविराम हुँदैन । सफलता र सम्पतिका लागि दौडदा दौडदै समयले हामीलाई धेरै पर धकेलिसकेको हुन्छ । अर्थात हामी जीवनको उत्तराद्धर्धमा पुगिसकेका हुन्छौं ।

त्यहाँ पुगेपछि हामीलाई के बोध हुन्छ भने, धन-सम्पति र सफलताले मात्र



त सन्तुष्ट नदिने रहेछ ।

विभिन्न अध्ययनले के देखाएको छ भने जब मान्छे एकदम गरिब छ, अभावमा छ भने उसले थोरै आम्दानी गर्दा पनि उसको खुसीको स्तर ह्वात्तै बढ्छ । किनभने उसले खान पाउँछ, लगाउन पाउँछ, जीवनमा केही सुधार हुन्छ । तर, एउटा मितिसम्म पुग्दा फेरी उसको खुसीको स्तर घट्दै-घट्दै जान थाल्छ । अनि फेरी पूर्ववत अवस्थामा पुग्छ । असन्तुष्टि, दु:खी हुन थाल्छ ।

मैले के पाएको छु भने मान्छे सबैकुरा भएर पनि दु:खी नै हुन्छ । किनभने उसले आफुसँग भएको जे जति छ त्यसमा चित्त बुझाउँदैन । त्यसको महत्व नबुझेर ऊ दु:खी हुन्छ ।

यसको अर्थ के हो भने जुन कुरालाई हामीले सुख र आनन्दको स्रोत मानिरहेका छौं । वास्तवमा त्यसो होइन रहेछ । हामीले भनेको घर, हामीले भनेको गाडी, हामीले भनेको सफलता त सुख होइन रहेछ । जति-जति यी कुराबाट हामी तृप्त हुनका लागि दौडधूप गर्छौं, यसले त उत्तिनै अतृप्त बनाउने रहेछ ।

अन्तत: हामी दु:खी हुन थाल्छौं । हामीलाई चिन्ता लाग्न थाल्छ । पछुतो लाग्न थाल्छ । हामी डिप्रेसनले ग्रस्त हुन थाल्छौं । हामीलाई निद्रा लाग्न छाड्छ । भोक जाग्न थाल्छ । हामीलाई मुटुको रोगले समात्न थाल्छ ।

तब हामी सोच्न बाध्य हुन्छौं कि, आखिर जीवनमा मैले चाहेको के थियो त ?

यो प्रश्न हामीलाई त्यही बेला आउँछ, जब धेरै कुरा गुज्रिसकेको हुन्छ । अब फेरी फर्केर हामी आफ्ना गल्तीहरु सुधार्न सक्ने अवस्थामा हुँदैनौं । त्यसबेला हामीसँग के बाँकी रहन्छ ?

एउटै कुरा, पश्चाताप ।

### आफैंलाई प्रश्न कहिले गर्ने ?

सिकाइ पनि धेरै किसिमको हुन्छ । आफ्नो गल्तीले सिकाउँछ, अरुको गल्तीबाट सिक्न सकिन्छ, अरुले गरेको राम्रो कामबाट पनि सिक्न सकिन्छ ।

सिक्नुपर्ने कुरा के भने, जीवनमा धेरै कुरा नगुमाएर पनि खुसी वा आनन्द प्राप्त कसरी हुन्छ ?

अर्थात जीवनमा यी दुईलाई समानन्तर र सन्तुलित ढंगले कसरी संगाल्न सकिन्छ ? अहम् प्रश्न हो यो । आँखा चिम्लेर हामीले स्वयम्लाई सोध्नुपर्ने । तर, यो प्रश्न आज सोध्ने कि ६० बर्षपछि ?

यहाँ आइपुगेपछि एउटा सत्य बुझ्न जरुरी छ कि, मान्छे भौतिक रुपमा सम्पन्न भए पनि मनको दरिद्र हुनसक्छ । साथै भौतिक रुपमा गरिब भएर पनि कोही मान्छे मनको सुखी र सम्पन्न हुनसक्छ । मनलाई यसरी सम्पन्न र सुखी बनाउने स्थयी स्रोत चाहिं के हो त ?

यो भनेको हाम्रो मन एवं सोच रहेछ ।

त्यसो भए यो मन एवं सोच चाहिं के कुरामा निर्भर रहन्छ त ? कोही अभावै अभावमा भएर पनि किन आनन्दित छ ? कोही पुगिसरी भएर पनि किन उदास छ ? उनीहरुको मन किन यसरी विभाजित छ ?

यसमा मैले गहिरिएर सोच्दा के पाएँ भने हामी जीवनमा कुनै लक्ष्य प्राप्तका लागि जसरी दौडमा लाग्छौं, त्यहाँ पुरै उर्जा लगाउँछौं । एउटा लक्ष्य प्राप्त हुन्छ, फेरी अर्को लक्ष्यका लागि दौडन्छौं । जबसम्म हामीलाई ठेस लाग्दैन, जबसम्म हामी लड्दैनौं तबसम्म हामी पछाडि नफर्की दौडन्छौं ।

यस किसिमको भागदौडमा मान्छेले सोच्न पाउँदैन कि जीवन आखिर के हो ? म किन र केका लागि दौडिरहेको छु ? आखिर मैले जुन लक्ष्य हासिल गरिरहेका छु, त्यसका लागि यति धेरै कुरा खर्चनु कति उचित थियो ?

अधिकांश मान्छेलाई के लाग्छ भने करियर र सफलता नै जीवनको एकमात्र ध्येय हो ।

जबकि एउटा मान्छेको जीवनमा उसको जीवनबाहेक अरु धेरै कुरा थियो । परिवार थियो, आफन्त थियो, साथीभाइ थियो, समाज थियो । अब हामीले आफ्नो करियर र सफलताका लागि के-के बलिदान दियौं ?

प्रत्येक प्राप्तिमा केही त गुमायौं ।

सम्बन्ध गुमायौं । विश्वास गुमायौं । आफन्त गुमायौं । भाईबन्धु गुमायौं । समय र शक्ति गुमायौं ।

अब तपाईंले यो तय गर्नुपर्ने हुन्छ कि त्यो कुरा पाउनका लागि यो कुरा गुमाउने कि नगुमाउने ? वा यी दुवै कुरालाई सन्तुलित राख्ने ?

मलाई थाहा छ, जबसम्म मान्छेलाई दु:ख पर्दैन तबसम्म ऊ सफलताकै धङ्धङ्ती बोकेर दौडिरहन्छ। तर, जीवनमा एकदिन त त्यो क्षण आवश्य आउँछ कि, जहाँ वियोग, दु:ख, अभाव छ ।

त्यसबेला मेरो आँशु कसले पुछ्ने ?

मेरो सफलताले, करियरले, पैसाले त आँशु पुछ्दैन । मेरो दु:खमा सान्तवना दिदैन। हो, यतिबेला हामीलाई थाहा हुन्छ, सबैभन्दा ठूलो कुरा त आफ्नो परिवार रहेछ, आफ्नो भाइबन्धु रहेछ, आफ्नो साथीसंगी रहेछ ।

अर्थात जीवनमा कमाउनुपर्ने सबैभन्दा ठूलो कुरा त हार्दिक र निस्वार्थ सम्बन्ध रहेछ ।

### नाफा-घाटाको सम्बन्ध

धनदौलत, सफलता, प्रतिष्ठाको दौडमा लाग्दा पनि हामीले साथीभाई वा सम्बन्ध नबनाएको भने होइन । हरेक उचाईमा पुग्नका लागि हामीले अनेक किसिमको सम्बन्धहरु बनायौं ।

पैसा कमाउन, व्यापार व्यावसाय गर्न, चर्चा र लोकप्रियता कमाउन हामीले सम्बन्धहरु बनाउँदै गयौं । तर, त्यो सम्बन्ध हामीले तराजुमा जोखेर बनायौं । कोसँग सम्बन्ध बनाउँदा के कति फाइदा हुन्छ भनेर हिसाब गर्‍यौं । आफ्नो नाफाका लागि मात्र साथी-सम्बन्ध जोड्दै गयौं । र, आफ्नो लक्ष्य पुरा हुनसाथ यी सम्बन्धलाई विघटन गरिदियौं ।

हामीले सम्बन्धमा नाफाघाटा खोज्यौं।

गल्ती त हामीले यही गर्‍यौं ।

सम्बन्ध त पैसाले होइन, आत्म र भावनाको गाँठोले बाँध्नुपर्थ्यो । यस्तो सम्बन्ध नै चीरकालिन हुन्छ । त्यो सम्बन्धमा कुनै लेनदेन हुँदैन । यही सम्बन्ध नै हो, जसले हामीलाई जस्तोसुकै परिस्थिति र मनस्थितिमा पनि सुख दिइरहन्छ । असलमा सुख र आनन्दको स्थायी स्रोत भनेकै हार्दिकतापूर्वक जोडिने सम्बन्ध हुन् ।

### परिवार सुख सर्वोत्तम

सफलता र पैसाले मान्छेको उन्माद बढाउँछ । मान्छेलाई यस्तो लाग्छ कि अब मलाई केही चाहिँदैन । म सर्वेसर्वा हुँ ।

तर, समयले एकदिन उसलाई यस्तो ठाउँमा पुर्‍याउँछ कि ऊ एक्लो हुन्छ ।

पैसा र सफलता पाउनका खातिर उसले सम्बन्धहरु कमजोर बनाइसकेको हुन्छ । जीवनको त्यो चरणमा जब ऊ एक्लो हुन्छ, तब उसको मनमा वेचैनी र छटपटी पैदा हुन थाल्छ । उसलाई बिरामी हुँदा भेट्न आउने कोही हुँदैन, अप्ठ्यारो पर्दा सहयोग गर्ने कोही बाँकी रहँदैन । त्यसबेला उसलाई आफ्नो पैसा एवं धनदौलतले केही गर्दैन ।

ऊ अत्यन्तै दु:खी हुन्छ ।

दु:खको यो कुण्डमा डुब्नुअघि नै हामीले तय गर्नुपर्छ, जीवनमा पाउनु मात्र सबैथोक होइन । सबैथोक पाउने चक्करमा सबैभन्दा मूल्यवान परिवार र सम्बन्ध गुमाउनु हुँदैन । तपाईं तबमात्र सुखी रहनुहुन्छ, जब तपाईंको पारिवारिक जीवन पूर्ण छ । परिवार, इष्टमित्रसँग यस्तो प्रेममय सम्बन्धहरु कसिलो बनाउँदै जानुहोस्, जसले तपाईंलाई कहिल्यै एक्लो महसुस हुन नदेयोस् ।

आफ्ना आमाबुवा, छोराछोरी, श्रीमान्-श्रीमती, भाइबन्धुसँग नजिक हुनुहोस् र आपसमा एकाकार भएर बाँच्नुहोस् । भौतिक निकटता, स्पर्शले पनि सम्बन्धमा मिठास भर्छ । त्यो मिठास नै खुसी र आनन्दको अविरल श्रोत हो ।

*(स्रोत: अनलाईनखबर)*

# शिक्षक महासंघ र सरकारबीचको सम्झौतामा शिक्षक संगठनको असहमति


आन्दोलनरत शिक्षकहरु । फाइल तस्वीर ।

समाज संवाददाता

हेटौंडा: असोज ३ गतेदेखि संघीय राजधानी केन्द्रित शिक्षक महासंघको आन्दोलनपछि असोज ५ गते शिक्षक महासंघ र सरकारबीच भएको सहमतिप्रति नेपाल राष्ट्रिय शिक्षक संगठनले असहमति जनाएको छ । शिक्षक महासंघको घटक संगठनको रुपमा रहेको नेपाल राष्ट्रिय शिक्षक संगठनले देशभरका जिल्ला शाखा अध्यक्षहरुको हस्ताक्षरसहितको विज्ञप्ति बुधबार सार्वजनिक गर्दै महासंघ र संघीय सरकारबीचको सहमतिप्रति असहमति जनाएको हो ।

संगठनले १० बुँदामा आफ्ना असहमतिहरु सार्वजनिक गरेको छ । संगठनले विगतका सम्झौताहरु कार्यान्वयन नभइरहेको सन्दर्भमा पुन: ७ बुँदे सम्झौता अपूर्ण रहेको दावी गरेको छ । शिक्षकको हितमा कानुन निर्माण गर्न संगठनले आन्दोलनलाई निरन्तरता दिँदै खबरदारी गर्न भनेको छ । शैक्षिक आन्दोलनको गहन बहस गरी आन्दोलनलाई थप सशक्त बनाउन शिक्षक संगठनको राष्ट्रिय भेलाको समेत माग गरिएको छ । प्रस्ताविक विद्यालय शिक्षा विधेयक-२०८० संशोधनसहित पारित गर्न संघीय संसदका सदस्यसँग निरन्तर छलफल र दबाबको वातावरण तयार गर्न पनि अपील गरेको छ ।

प्रस्तावित विधेयकले ट्रेड युनियन अधिकारलाई समेत अंकुश लगाउने संगठनले जीकिर गरेको छ । महासंघ र सरकारबीच भएको सम्झौताले विद्यालय कर्मचारी, इसीडी, अनुदान कोटा, करार अस्थायी, प्राविधिक धार, राहत, साबिक उच्चमावि, स्थायी दरबन्दीमा कार्यरत शिक्षकलाई सम्झौतामा उल्लेखित प्रावधानहरु बारे स्पष्ट पार्न नसकेको पनि बताएको छ ।

# मारुती सिमेन्ट सस्तियो

समाज संवाददाता

मारुती सिमेन्ट सस्तियो

हेटौंडा: हेटौंडा बजारमा मारुती सिमेन्टको मूल्य घटेको छ भने अरु सिमेन्टको मूल्य स्थिर रहेको व्यवसायीहरुको भनाइ छ । मारुतीको ओपीसी सिमेन्ट प्रतिबोरा ५ सय ८० रुपैयाँमा बिक्री हुँदै आएको छ ।

यसअघिको मूल्य प्रतिबोरा ६ सय १० रुपियाँ थियो । सिमेन्टको मूल्य १५ दिन अगाडिदेखि घटेको व्यवसायी केशव तिमिल्सिनाले जानकारी दिनुभयो । प्रतिबोरा मूल्य ३० रुपैयाँले घटेको उहाँले बताउनुभयो ।

यसैगरी शिवम्को ओपीसी सिमेन्ट प्रतिबोरा ६ सय रुपैयाँमा बिक्री भइरहेको छ । सर्वोत्तम सिमेन्टको ओपीसी प्रतिबोरा ६ सय १० रुपैयाँ र पीपीसी प्रतिबोरा ५ सय १० रुपैयाँमा बिक्री भइरहेको छ । शालिमार सिमेन्ट ओपीसी प्रतिबोरा ६ सय २० रुपैयाँ र पीपीसी प्रतिबोरा ५ सय २० रुपैयाँमा बिक्री भइरहेको व्यवसायी कुमार पोखरेलले जानकारी दिनुभयो । यस्तै फलामे रड प्रतिकेजी ९२ रुपैयाँमा बिक्री भइरहेको छ ।

# दुइ सहकारीमा चोरी

समाज संवाददाता

हेटौंडा: हेटौंडा-६, चौघडास्थित दुइवटा सहकारीमा चोरी भएको छ । हेटौंडा-६, चौघडास्थित चौघडा बचत तथा ऋण सहकारी संस्था लिमिटेड र जनकल्याण बचत तथा ऋण सहकारी संस्था लिमिटेडमा चोरी भएको छ । बुधबार राती अपरिचित व्यक्तिको एक समूहले राती सहकारीमा प्रवेश गरी चोरी गर्नुका साथै तोडफोड गरेका छन् ।

चौघडा बचत तथा ऋण सहकारीबाट नगद चोरी नभए पनि चोरी गर्न पुगेका समूहले सहकारीको भौतिक संरचनामा क्षति पुऱ्याएको छ । यस्तै जनकल्याण बचत तथा ऋण सहकारीबाट भने ५० हजार रुपैयाँ नगद चोरी भएको छ । चोरीको घटनामा संलग्नलाई खोजी गरी कारवाही गर्न, गराउन प्रहरीलाई जानकारी गराइएको सहकारीले जनाएको छ । चाडपर्व नजिकिएसँगै हेटौंडामा चोरीका घटना बढेको छ ।

समृद्ध समाज
राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

# चालक र सहचालकको नि:शुल्क स्वास्थ्य परीक्षण

समाज संवाददाता

हेटौंडा: जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरले ५० जना सार्वजनिक सवारी चालक र सहचालकको नि:शुल्क स्वास्थ्य परीक्षण गरेको छ । चाडवाड लक्षित गर्दै दुर्घटना न्यूनीकरण र स्वास्थ्यसम्बन्धी जनचेतनाका लागि सुरु भएको २ दिने अभियानमा पहिलो दिन बिहीबार ५० जनाले स्वास्थ्य परीक्षण गराएका जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरका प्रमुख बसन्त आचार्यले जानकारी दिनुभयो ।

हेटौंडा अस्पतालको सहकार्य र प्रदेश प्रहरी कार्यालय हेटौंडको आयोजनमा सार्वजनिक सवारीका चालक र सहचालकको नि:शुल्क स्वास्थ्य परीक्षण भएको हो । स्वास्थ्य परीक्षण गराएका ५० जनामध्ये ६ जनामा मधुमेह, १३ जनाको ब्लड प्रेसर उच्च पाइएको थियो । स्वास्थ्य परीक्षणमा सामान्य खालका परीक्षण गरिएको थियो भने स्वास्थ्यसम्बन्धी परामर्श दिइएको थियो । सवारी दुर्घटनामा चालकको स्वास्थ्य अवस्थाले प्रभाव पार्ने भएकाले दुर्घटना न्यूनीकरणका लागि स्वास्थ्य परीक्षण गरिएको आचार्यले बताउनुभयो ।

# ३ जना मृत फेला

समाज संवाददाता

हेटौंडा: बागमती प्रदेशका विभिन्न जिल्लामा एकैदिन ३ जना मृत फेला परेका छन् । प्रदेशका चितवन र सिन्धुपाल्चोक जिल्लामा ३ जना व्यक्ति मृत फेला परेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

बुधबार चितवनको रत्ननगर नगर पालिका-३ स्थित कयरखोलामा ७४ वर्षीया वृद्धा सरलादेवी आचार्य मृत फेला परेको प्रहरीले जनाएको छ । अनुसन्धानका क्रममा आचार्य मानसिकरुपमा बिरामी रहेको बुझिएको र मुचुल्कापश्चात् शव पोष्टमार्टमका लागि भरतपुर अस्पताल लगिएको प्रहरीले जानकारी दिएको छ ।

चितवनकै भरतपुर महानगर पालिका-१, शनिश्चरे टोलमा बुधबार बिहान ११ बजेर ५५ मिनेटको समयमा धान खेतमा एकजना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा भरतपुर महानगरपालिका-१४, शिवनगरका ५० वर्षीय लक्ष्मण परियार रहेको प्रहरीले जनाएको छ । मुचुल्कापश्चात् शव पोष्टमार्टमका लागि भरतपुर अस्पताल लगिएको प्रहरीले जनाएको छ ।

यस्तै, सिन्धुपाल्चोकको मेलम्ची नगरपालिका-९, राजदलमा बुधबार साँझ ६ बजेर ५० मिनेटको समयमा इन्द्रावती खोला किनारमा पहिचान नखुलेको अन्दाजी ४५ वर्षीय पुरुष व्यक्तिको शव सडी गलेको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ । मुचुल्कापश्चात् शव पोष्टमार्टमका लागि नगर अस्पताल मेलम्ची लगिएको प्रहरीले जनाएको छ ।

हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्याबरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# मकवानपुर बाल विद्या सदन

हेटौंडा-१८, खड्कुले

## हजुरबाका पालामा

# वनभोज


जेनिशा मगर

कक्षा १० को सामाजिक विषयका सामग्री आदानप्रदान तथा सूचना र छलफलका लागि बनाइएको "हामी सामाजिक किरो" नामक मेसेन्जर समूहमा बिहान उठेर हेर्दा एउटा सन्देश आएको रहेछ । विद्यालयले प्रत्येक दोश्रो शुक्रबार पत्रिकामा छापिने गरी "हजुर 'बा'को पालामा" स्तम्भ शुरु गर्ने तयारी गरेको रहेछ । हजुरा'बा'को पालाको वनभोज कस्तो हुन्थ्यो भनेर अन्तरवार्तामा आधारित रहेर लेख लेख्नुपर्ने थियो । विषय गज्जब लाग्यो । कौतुहलताले मलाई तुरुन्तै हजुरबुवाको छेउमा पुऱ्यायो । अनि हजुरबुवालाई सोधिहालें, "हजुरको पालामा वनभोज कस्तो हुन्थ्यो ?"

त्यतिबेला अहिले जस्तो पैसा तिरे सबै पाइने जमाना थिएन । पैसा पनि त्यति थिएन । वनभोजका लागि आवश्यक सबै सामानहरु जस्तै नुन, तेल, तरकारी, चामल, लगायत खानेकुरादेखि पकाउने भाँडाकुँडा जस्तै कराई, डाडु आदि सबै घरबाटै लिएर जाने कुरा बताउनुभयो । वनभोजमा सहभागी हुनेहरुले आफुलाई तोकेको खानेकुरा र भाँडा लिएर जानु पर्थ्यो । सबै मिलेर काम गर्थे । कोहि दाउरा खोज्न लाग्थे । कोहि पानी लिन जान्थे । कोहि चुल्हो बनाउन थाल्थे । कोहि तरकारी केलाउँथे ।

वनभोजका लागि प्राय: वहाँहरु घर वरिपरिको जंगलमा जानुहुन्थ्यो । त्यतिबेला कुकर हुँदैनथ्यो कसौंडी र डेक्चीमा चामल पकाइन्थ्यो भनेर भन्नु हुँदा त अचम्मै लाग्यो । अहिले जस्तो म्युजिक सिस्टम उबेला कहाँ पाउनु, कहिँ कतै मादल मात्रै भए मज्जाको नाचगान भैहाल्थ्यो । तर त्यो पनि नहुँदा थाल ठटाएर गीत गाउँदै रमाइलो गरिन्थ्यो, उज्यालिँदै ति दिन सम्झनु भयो । यसरी बताई रहँदा हजुर बुवालाई आफ्ना पुराना दिनहरुको स्मरण भइरहेको थियो । वहाँको अनुहारमा एउटा छुट्टै सुखद् भाव पनि देखिँदै थियो । त्यतिबेलाको मित्रता गरिब, धनी, सानो-ठुलो केही हुँदैनथ्यो । सबैले सबैलाई उत्तिकै सहयोग गर्थ्यौं ।

वनभोज जानु धेरै दिन अघिदेखि योजना बनाउँथ्यौं । वनभोज जाने दिन बिहान सबेरै सबै साथी मिलेर सबै सामान बोकेर बाटो लाग्थ्यौं । फर्कदा लगभग साँझ परिसकेको हुन्थ्यो । तर कहाँ गए ति दिनहरु आज ? हजुरबुवा केही भावुक हुनुभ्यो । हजुरबुवा लगातार बोलिरहनु भएको थियो । तर हजुरबुवाको कुरा सुनेर मेरो मनमा एउटा प्रश्न निरन्तर घुमिररह्यो । आखिर हामीले अहिले सबै सुविधा हुँदा मनाउने गरेको पिकनिक रमाइलो कि हजुर'बा'को पालाको वनभोज ?

मिति : २०८० असोज १२ गते शुक्रबार
समय : बिहान ११:00 बजेदेखि
स्थान : विद्यालय परिसर ।
कार्यक्रममा विद्यार्थीहरुले पुस्तक समीक्षा पनि गर्नु हुनेछ ।




बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, चितवन
भरतपुर, चितवन

## कृषि विकास कार्यक्रमहरुमा सहभागी हुन प्रस्ताव आव्हानको सूचना

सुचना नं: ४-२०८०/८१

*प्रथम पटक प्रकाशित मिति २०८०/०६/१२*

कृषि ज्ञान केन्द्र, चितवनको आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार साझेदारीमा तपशिलको कार्यक्रम संचालन गरिने हुँदा चितवन र मकवानपुर जिल्लाका सूचनामा उल्लेख भए बमोजिमका आवेदकहरुले सूचना प्रकाशित भएको २१औं दिन (मिति २०८०/०७/०२) सम्ममा कार्यालय समय भित्र आईपुग्ने गरी देहाय बमोजिमका कागजात सहित सम्बन्धित कार्यविधि बमोजिम निवेदन दर्ता गराउनुहुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समाबेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

| क्र.स. | कार्यक्रमको नाम | एकाई | लक्ष्य | कार्यक्रमको कूल बजेट रु लाखमा | साझेदार संस्था आवेदक | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | साना सिंचाई कार्यक्रम | संख्या | १०० | ३०० | कृषक समूह/कृषि सहकारी/कृषि फर्म/कृषि उद्यमी/जल उपभोक्ता समिति | साना सिंचाई कार्यक्रम कार्यान्वयन कार्यविधी २०८० |
| २ | प्राङ्गारिक मल वितरण कार्यक्रम | मे. टन. | ५०० | ५० | कृषक समुह/कृषि सहकारी/निजि कृषि फर्म/कृषि उद्यमी | प्राङ्गारिक मल वितरण कार्यविधि (प्रथम संशोधन), २०७९ |

**तपशिल**

१. रु. १०/- को हुलाक टिकट टाँस गरेको निवेदन,
२. संस्थाको हकमा संस्था दर्ता तथा नवीकरण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
३. PAN/VAT दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
४. गत आ.व. को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
५. संस्थाको हकमा निर्णय प्रतिलिपी ।
६. खेतियोग्य जमिनको क्षेत्रफल खुल्ने कागजात (लालपूर्जा वा लिजमा खेती गरेको भए ५ वर्ष सम्मको लिजको डकुमेन्ट)
७. स्थानिय तहको कृषि शाखाको सिफारिस,
८. प्रस्तावमा उल्लिखित एउटै प्रयोजनको लागी नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तह/अन्य संघ संस्थाबाट सोही कामको लागी सहयोग लिए/नलिएको स्वघोषणा ।
९. खरिद गर्न चाहने मलको परिमाण (प्राङ्गारिक मल वितरण कार्यक्रमको लागि मात्र)

| खेतियोग्य जमिनको क्षेत्रफल | खरिद गर्न चाहाने मलको परिमाण (के.जी.) | कैफियत |
|---|---|---|

**नोट**: कार्यक्रम सम्बन्धि थप जानकारीको लागि यस केन्द्रको फोन नं ०५६४९३११५ वा ९८५५०९२२५५ मा सम्पर्क गर्न सकिनेछ । Email: akcchitwan@gmail.com

समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक



# खेलाडीलाई ५ लाख रुपैयाँको बीमा



पत्रकार सम्मेलनमा खेलकुद विकास समितिका अध्यक्ष वेश खड्गी (दायाँ) ।

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला खेलकुद विकास समितिले खेलाडीहरुको बीमा गरेको छ । खेल खेल्ने क्रममा घाइते हुनसक्ने जोखिम खेलाडीमा बढी हुने भएकाले समितिले खेलाडीको बीमा गरेको हो ।

खेलाडीहरु प्रशिक्षण गर्दै गर्दा, प्रतिस्पर्धामा सहभागी हुँदा आइपर्ने जोखिमको क्षतिपूर्ति होस् भन्ने उद्देश्यले प्रतिव्यक्ति ५ लाख रुपैयाँको बीमा गरिएको समितिका अध्यक्ष वेश खड्गीले बताउनुभयो। विभिन्न खेलकुद कार्यक्रमहरु खेलसम्बद्ध र अन्य संघसंस्थाले गर्दै आएको भए पनि खेलाडीहरु दुर्घटना वा अन्य कारणबाट घाइते हुँदा उपचार खर्च व्यहोर्न समस्या नहोस् भनेर बीमा गरिएको उहाँले जानकारी दिनुभयो ।

बिहीबार समिति परिसरमा पत्रकार सम्मेलन गर्दै ५ लाख रुपैयाँ बराबरको बीमा गरिएको अध्यक्ष खड्गीले जानकारी दिनुभयो । जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता मंसिर मसान्तसम्म सम्पन्न गर्ने र तल्ला थपिएको भवनको पनि उद्घाटन गर्ने उहाँले बताउनुभयो ।

पाकिस्तानमा हुन गइरहेको एसियन जुनिएर तथा युथ बक्सिङ प्रतियोगितामा ५० केजी तौल समूहमा छनोट हुन सफल खेलाडीलाई ८ हजार रुपैयाँसहित सम्मान गरिने उहाँले जानकारी दिनुभयो। पत्रकार समेलनमा जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख माधव कोइरालाको पनि उपस्थिति रहेको थियो।

# २ सय ७५ जनाले आँखा शिविरमा सेवा लिए

समाज संवाददाता

हेटौंडाः मकवानपुरमा रहेको इन्द्रसरोवर गाउँपालिकामा भएको निःशुल्क आँखा शिविरमा २ सय ७५ जनाले सेवा लिएका छन् । इन्द्रसरोवर गाउँपालिकामा सञ्चालित ३ दिने आँखा शिविरको दोस्रो दिन २ सय ७५ जनाले शिविरको सेवा प्राप्त गरेका इन्द्रसरोवर गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख मन्नुनाथ अधिकारीले जानकारी दिनुभयो ।

बिहीबार इन्द्रसरोवर गाउँपालिका र हेटौंडा सामुदायिक आँखा अस्पतालको आयोजनामा २ स्थानमा निःशुल्क आँखा शिविर हुँदा २ सय ७५ जनाले शिविरमा जाँच गराएका थिए । आँखा शिविर सिस्नेरी स्वास्थ्य चौकी र मार्खु स्वास्थ्य चौकीमा भएको थियो ।

सिस्नेरी स्वास्थ्य चौकीमा भएको शिविरमा १ सय ४१ जनाले आँखा जाँच गराएका थिए । जाँच गरेका १ सय ४१ जनामध्ये १६ जनामा मोतिविन्दुको समस्या देखिएको थियो। इन्द्रसरोवर गाउँपालिकाका १ नम्बर वडा अध्यक्ष प्रताप भोम्जनको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको स्वास्थ प्रमुख अधिकारीले बताउनुभयो ।

यस्तै, मार्खु स्वास्थ्य चौकीमा भएको शिविरमा १ सय ३४ जनाले सेवा प्राप्त गरेका छन् । जाँच गराएका १ सय ३४ जनामध्ये १५ जनामा मोतिविन्दुको समस्या देखिएको छ। शिविर उद्घाटन कार्यक्रम गाउँपालिकाका १ नम्बर वडा अध्यक्ष सुवास थापा मगरको अध्यक्षतामा सम्पन्न भएको हो ।

अधिकारीका अनुसार निःशुल्क आँखा शिविरबाट पहिचान भएका ३१ जना मोतिविन्दु बिरामीहरुको इन्द्रसरोवर ग्रामीण आँखा केन्द्रले कुलेखानीमा १३ गते शनिबार निःशुल्क शल्यक्रिया गर्नेछ ।

# आमा सेमिनार हुँदै

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमाहानगरपालिका-४ स्थित ओम्याक्स सिनेमा हलमा आइतबार मानवसेवा आश्रमको आयोजनामा आमा सेमिनार हुने भएको छ। सेमिनार मानवता प्रवर्द्धन गर्ने, माता पिताको महत्व बोध गराउने, प्रेम र सद्भाव कायम गराउने उद्देश्यले आयोजना गर्न लागिएको मानवसेवा आश्रमका केन्द्रीय सदस्य उमा भण्डारीले जानकारी दिनुभयो ।

सेमिनारमा मानवसेवा आश्रमका केन्द्रीय अध्यक्ष रामजी अधिकारीले प्रस्तुति दिनुहुनेछ । आमा सेमिनारका लागि सरकारी कार्यालयका कर्मचारी, मन्त्री र टोल विकास संस्थाका प्रतिनिधिहरु गरी करिब ७ सय जनालाई निमन्त्रणा गरिएको भण्डारीले बताउनुभयो। सेमिनार करिब ३ घण्टाको हुनेछ ।

# अध्यक्षमा दाहाल र ढुंगेल मात्र उम्मेदवार

काठमाडौंः नेकपा एमालेको बागमती प्रदेश अध्यक्षमा कृष्ण दाहाल र कैलाश ढुंगेलबीच चुनावी प्रतिस्पर्धा हुने भएको छ । एक दिन मतदान रोकेर गरेको छलफलपछि अध्यक्षका तीन उम्मेदवार पछि हटेका छन् । वर्तमान अध्यक्ष केशव पाण्डेले बिहीबार विहानै उम्मेदवारी फिर्ता लिएका थिए । उनले अध्यक्षका अर्का उम्मेदवार ढुंगेललाई समर्थन गरेका छन् ।

साँझ सानुकुमार श्रेष्ठ र केशर बहादुर बुढाथोकीले पनि उम्मेदवारी फिर्ता लिएका छन् । दुबैले अध्यक्षका अर्का उम्मेदवार दाहाललाई समर्थन गरेको नेताहरुले बताएका छन् । नेताहरुले अझै पनि सहमतिको प्रयास हुने बताएपछि दाहाल र ढुंगेलबीच चुनाव हुने निश्चित जस्तै छ। निर्वाचन मण्डलले भोलि विहान ८ बजेदेखि मतदानको समय तोकेको छ ।

के तपाइँ आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस्
०५७-५२६८३०
समृद्ध समाज राष्ट्रिय दैनिक
Email:sambridhasamaj@gmail.com

# ग्यास लिक भएर आगलागी

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१३ ठुलोथलीमा सन्तेबहादुर बज्युको घरमा सिलिण्डर ग्यास लिक भई आगलागी हुँदा एकजना घाइते भएका छन् । आगलागी हुँदा ५ लाख बराबरको क्षति भएको छ ।

बुधबार बज्यूको पक्की वाल भएको भुई तल्ले भान्साघरमा सिलिण्डर ग्यास लिक भई अचानक आगलागी भएको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । आगोबाट घाइते बज्यूको ओबिन फार्मेसीमा उपचार भइरहेको छ। आगलागी हुँदा भान्सा घर भित्र रहेको खाद्यान्न, भाडाकुँडा, लत्ताकपडा, फर्निचरका सामानहरु जलेर नष्ट भएको प्रहरीले जनाएको छ। हेटौंडा उपमहानगरपालिकाको बारुणयन्त्र, स्थानीयबासी, प्रहरीले आगो नियन्त्रणमा लिएको प्रहरीले जानकारी दिएको छ ।

# अवैध कपडा बरामद

समाज संवाददाता

हेटौंडाः पूर्व-पश्चिम राजमार्ग अन्तर्गत हेटौंडा-१५, रातोमाटेस्थित प्रहरी चेकपोष्टबाट मकवानपुर प्रहरीले अवैध कपडा बरामद गरेको छ ।

बुधबार साँझ ५ बजेको समयमा वीरगंजबाट चितवन जाँदै गरेको बा ३ ख ४०४३ नम्बरको बसलाई सुरक्षाजाँच गर्दा डिक्कीमा लुकाई छिपाई ल्याएको ४५ हजार रुपैयाँ बराबरको कपडा बरामद भएको बागमती प्रदेश प्रहरी कार्यालयले जनाएको छ । बसबाट प्रहरीले १ सय मिटर थान कपडा र ३२ पिस कुर्ता सुरुवालको कपडा फेला पारेको जनाएको छ। अवैध कपडा नियन्त्रणमा लिई बसलाई गन्तब्यतर्फ पठाएको प्रहरीले जनाएको छ।

# उपचारको क्रममा मृत्यु

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१०, बसपार्कबाट उद्दार गरिएको पुरुषको मृत्यु भएको छ। गत शुक्रबार दिउँसो २ बजेर ३० मिनेटको समयमा बसपार्कबाट उद्दार गरिएको हाल नाम थर वतन नखुलेको मागीखाई हिँड्ने अन्दाजी ५५ वर्षीय पुरुषको भरतपुर सरकारी अस्पतालमा मृत्यु भएको छ ।

बिरामी अवस्थामा उद्दार गरी उपचारका लागि हेटौंडा अस्पताल लगिएका पुरुषलाई थप उपचारका लागि भरतपुर सरकारी अस्पताल चितवन लगिएको थियो। उपचारको क्रममा बुधबार दिउँसो ४ बजेर २० मिनेटको समयमा ती पुरुषको मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

# ६० केजी गाँजासहित ८ जना पक्राउ

समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले हेटौंडा-१४, कालिका खोल्साबाट ६० केजी लागूऔषध गाँजासहित ८ जनालाई पक्राउ गरेको छ । विशेष सूचनाको आधारमा मंगलबार बिहान ८ बजेको समयमा जिल्ला प्रहरी कार्यालय मकवानपुर, इलाका प्रहरी कार्यालय पशुपतिनगर र प्रहरी चौकी रातोमाटेबाट खटिएको टोलीले कालिका खोल्सामा गई हेर्दा लागूऔषध गाँजा ६० केजी फेला पारेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

प्रहरीले लागूऔषध गाँजासहित रौतहटको चन्द्रपुर नगरपालिका-६ घर भई हाल हेटौंडा-१, चौकीटोलका ३३ वर्षीय धनबहादुर विक र मनहरी गाउँपालिका-१ का ४० वर्षीय अवतार सिंह डिमडुङलाई पक्राउ गरेको थियो । लागूऔषध गाँजा कारोबारमा संलग्न रहेको शंकामा इलाका प्रहरी कायालय पशुपतिनगरबाट खटिएको प्रहरी निरीक्षक दिनेश कुँवरको टोलीले पर्सा जिल्लाको परवानीपुर गाउँपालिका-४, केडिया आँखा अस्पताल अगाडिबाट प्रहरीले ६ जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा पर्सा जिल्लाको वीरगन्जका २५ वर्षीय सदाम हुसेन, २२ वर्षीय मुकेशकुमार पासवान, २७ वर्षीय मन्दिपकुमार यादव, पर्साको बौदरमाई नगरपालिका-४ का २२ वर्षीय विनय यादव, २८ वर्षीय विकासकुमार यादव र बाराको परवानीपुर गाउँपालिका-३ का २० वर्षीय तौसिफ आलम रहेको प्रहरीले जनाएको छ। लागूऔषध गाँजासहित ८ जनालाई नियन्त्रणमा लिई अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय मकवानपुर लगिएको प्रहरीले जनाएको छ।

# बाबुआमालाई कुट्ने बद्रिनाथ पक्राउ

समाज संवाददाता

हेटौंडाः हेटौंडा-३, बुलनटोलमा घरायसी बिवादको कारण बाबु, आमा र भाइलाई कुट्ने ५० वर्षीय बद्रिनाथ मैनालीलाई प्रहरीले पक्राउ गरेको छ ।

बुधबार मैनालीले घरायसी बिवादपछि चिर्पटले हानेर ७३ वर्षीय बुबा रामजी मैनाली, ६५ वर्षीया आमा माया मैनाली र ४० वर्षीय भाइ केदार मैनालीलाई घाइते बनाएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

कुटपिटबाट घाइते तीनै जनालाई उपचारका लागि हेटौंडा अस्पताल लगिएकोमा आमा मायाको अवस्था गम्भीर भई थप उपचारका लागि पुरानो मेडिकल कलेज भरतपुर लगिएको छ । प्रहरीले बद्रिनाथलाई नियन्त्रणमा लिएको छ ।

हार्दिक बधाई तथा शुभकामना



साहारा ग्यास ईण्डष्ट्रिज प्रालिका अध्यक्ष आदरणीय श्री **शिवप्रसाद घिमिरे** ज्यू नेपाल एलपीजी ग्यास उद्योग संघको २८औं साधारण सभा तथा १२औं अधिवेशनबाट अध्यक्ष पदमा सर्वसम्मत निर्वाचित हुनु भएकाले उहाँ लगायत सम्पूर्ण निर्वाचित पदाधिकारी तथा सदस्य ज्यूहरुमा हार्दिक बधाई सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

दिलिश गोविन्द जोशी, अध्यक्ष
एवम् मकवानपुर ग्यास व्यवसायी संघ परिवार
हेटौंडा, मकवानपुर

स्वादिष्ट नेवारी खाजा



अब होटल बासुकला (फास्टफुड) मा

स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायत
सुख्खा रोटी, आलु पराठा, फ्राइ राइस, मटन मम, बिरयानी, कोन डग, सेकुवा, चिकेन क्रन्ची,
होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।
०५७-५२६०१३

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं
The Voice of Community

दरवार एग्रोमार्टको दशैं बम्पर अफर
१० असोज देखि कार्तिक ११ गते सम्मको अवधिमा एक पटकमा ५०००।- वा सो भन्दा बदी रकमको सामाग्रीहरू खरीदमा लक्की-ड्र मार्फत ३ जोडीलाई पुरस्कार वितरण गरिने छ ।
पुरस्कारहरु
- १ दिन सौराहा टुर प्याकेज
- २ जोडी लाई डिनर प्याकेज

A.N.B. ELECTRONICS
Hetauda-4, Khopegalli
२०-२५% दशैं विशेष अफर



AC, FREEZE, REFRIGERATOR, WASHING MACHINE, DEEP FREEZER, COOIER तथा अन्य ईलेक्ट्रोनिक्स सामानहरु होलसेल मुल्यमा पाईन्छ ।
साथै AC, FREEZE, REFRIGERATOR, WASHING MACHINE, मर्मत गर्नुपरेमा तपाईको घरमै प्राविधिक उपलब्ध गराईनेछ ।
प्रोप्राईटरः अंकित ढकाल
९८५५०-६२९७७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ